Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)


मिति: २०८३ बैशाख २४ गते

## प्रादेशिक प्रेस विज्ञप्ति (सुदूरपश्चिम प्रदेश)
## "महिलामाथि बहुविवाहका कारण हिंसा बढ्दो क्रममा"

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले महिला तथा किशोरीहरुको अधिकार संरक्षण र प्रबर्धनका लागि निरन्तर तथ्यमा आधारित पैरवी गर्दै आइरहेको छ। संस्थाले महिला मानव अधिकार रक्षक, सामुदायिक संस्था, महिला समूह, सञ्जाल, युवा तथा किशोरी समूहसँग समन्वय गर्दै महिला तथा किशोरीमाथि हुने हिंसाका घटनाहरूको सङ्कलन, व्यवस्थापन, अभिलेखीकरण र विश्लेषण गर्दै नियमित रूपमा प्रतिवेदन तथा प्रेस विज्ञप्ति सार्वजनिक गर्दै आएको छ। यसै क्रममा ओरेकले सुदूरपश्चिम प्रदेशअन्तर्गत फिल्डबाट सङ्कलन गरिएका र कैलाली जिल्लामा अवस्थित कार्यालयमा जनवरीदेखि मार्च, २०२६ सम्मका महिला तथा किशोरीमाथि भएका हिंसाका घटनाहरूको तथ्याङ्क मार्फत यस त्रैमासिक प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ।

पछिलो समयमा सुदूरपश्चिम प्रदेशमा बहुविवाहका कारण महिलामाथि हुने हिंसाका घटनाहरू बढ्दो क्रममा रहेका छन्। ओरेकमा दस्तावेजीकरण भएका घटनाहरुका आधारमा यस समस्याको जरो कुनै व्यक्तिको आचरणमा मात्र नभई पितृसत्तात्मक सामाजिक संरचना, महिलाको आर्थिक परनिर्भरता, न्याय प्रणालीमा महिलाको सीमित पहुँच, र दण्डहीनताको संस्कृतिसँग जोडिएको छ। बहुविवाह कानुनतः दण्डनीय अपराध भए पनि सामुदायिक र संस्थागत स्तरमा यसलाई मिलापत्र मार्फत सामान्यीकरण गर्ने प्रवृत्ति व्याप्त छ। यो प्रक्रियाले न्याय माग गर्ने महिलामाथि नै सम्झौताको भार थोपरिरहेको छ। बालविवाहका कारण सीमित शैक्षिक र आर्थिक अवसर, बसोबासको सुनिश्चितता नहुनु, र पारिवारिक-सामाजिक दबाबले हिंसाको चक्रलाई निरन्तरता दिइरहेको छ।

**तथ्याङ्क विश्लेषण:**




अभिलेख भएका कुल ७६ हिंसा मध्ये घरेलु हिंसा ४३ वटा (५६.५८ प्रतिशत), यौन हिंसा १९ वटा (२५.० प्रतिशत), हत्या ५ वटा (६.५८ प्रतिशत), सामाजिक हिंसा ७ वटा (९.२१ प्रतिशत), आत्महत्या र आत्म हत्याको प्रयास एक-एक वटा रहेको पाइएको छ। त्यस्तै वहुविवाहको घटनालाई हेर्ने हो भने कुल ७६ हिंसाका घटनामा १० वटा वहुविवाहका हिंसा रहेका छन्। यस जनवरीदेखि मार्च, २०२६ सम्मको अवधिमा सुदूरपश्चिम प्रदेशको जिल्लाहरुबाट लैङ्गिक विभेदमा आधारित हिंसाका कुल ७६ वटा घटनाहरू अभिलेखीकरण गरिएको छ। जिल्लागत रुपमा हेर्ने हो भने, कैलालीबाट ५६ वटा, कञ्चनपुरबाट ५, डोटीबाट ६, बाजुराबाट ४, डडेल्धुराबाट १, बझाङबाट २ र अन्य ठाँउबाट (भारत) समेत २ वटा हिंसाका घटना अभिलेख भएका छन्।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

**प्रतिनिधिमुलक घटनाहरु**

***घटना १***

*निर्मला (परिवर्तित नाम) ले १६ वर्षकै उमेरमा बालविवाह गरेकी थिइन् । खेतीपाती गर्दै तीन छोरासहितको परिवार धान्दै आएकी उनलाई श्रीमानले लामो समयसम्म घरेलु हिंसा गरिरहे । बाबुको राम्रो हेरचाह समय नपाएका उनका छोराहरु पनि पढाई पुरा गर्न सकेनन् । उनीसँग राम्रो व्यवहार नगर्ने उनका श्रीमानले आठ वर्ष अघि दोस्रो विवाह गरेर उनलाई छोराहरुका साथ छुट्टयाई दिए । यो कुरा उनलाई सहन असाध्यै गाह्रो भयो, त्यसैले उनले वडा कार्यालयमा बहुविवाहको उजुरी गरिन्, तर वडाबाट "मिलेर बस्नु" भन्ने सुझाव दियो । आफ्नो छुट्टै आयस्रोत नभएको, बस्ने बास पनि नभएकाले उनलाई यो केस अगाडि बढाउन अप्ठ्यारो भयो । आर्थिक निर्भरता र संस्थागत समर्थनको अभावले निर्मलाको मनोसामाजिक स्वास्थ्यमा गम्भीर प्रभाव पार्‍यो । अहिले उनी ओरेकको सहयोगमा बाजुराबाट मनोपरामर्श सेवा लिइरहेकी छिन् ।*

***घटना २***

*१२ कक्षासम्म अध्ययन गरेकी सुमीले विवाहपछि जागिर गर्दै आएकी थिइन् । पारिवारिक अवस्था राम्रै थियो । तर गर्भावस्थाको समयमा श्रीमानले अर्को महिलासँग सम्बन्ध राखे । सुमीले प्रमाण जुटाई प्रहरीमा उजुरी गरिन त्यहाँबाट दुवैजनालाई सम्झाइबुझाई मिलापत्र गराइयो । तर श्रीमान सुध्रिनुको सट्टा उनीमाथि उल्टै शारीरिक र मानसिक हिंसा थपिदै गयो । दुई पटक प्रहरी हस्तक्षेपमा मिलापत्र भयो । तर हरेक पटकको मिलापत्र पछि हिंसा बढ्दै गयो । सहन नसक्ने भएपछि उनी माइत गइन, त्यही समयमा श्रीमानले घरमा अर्की महिला राखेर भिडियो कलमार्फत "आए मारिदिन्छु" भनी धम्की दिए । इलाका प्रहरीमा उजुरी गर्दा उनलाई नै दोषी ठहर गरी उजुरी नै फिर्ता गर्‍यो । त्यसपछि उनले ओरेकको सहयोगमा जिल्ला प्रहरीमा पुन पुगेपछि पनि सबै आरोप उनलाई नै थोपरे । अन्ततः सुमी बच्चा र अंश लिएर सम्बन्धविच्छेद गर्ने निर्णयमा पुगेकी छिन् ।*

***संरचनागत कारणः मिलापत्रको बारम्बार असफलता, प्रहरीको असंवेदनशील प्रतिक्रिया, र प्रणालीगत दण्डहीनता ।***

***घटना ३***

*मनमतीले पतिसँग मिलेर होटेल व्यवसाय संचालन गरेकी थिइन् । विगत तीन वर्षदेखि पतिले अर्की महिलासँग सम्बन्ध राख्दै उनलाई शारीरिक र मानसिक हिंसा दिन थाले । पालिका न्यायिक समिति मार्फत मिलापत्र गराइयो, तर सहमतिको तीन हप्तामै हिंसा थप क्रूर रूपमा सुरु भयो । ०८२ फागुन ८ गते मनमती ओरेक कार्यालय पुग्दा शरीरभरि चोटपटक, अनुहारमा घाउ र कानको चोटका कारण सुन्न समेत गाह्रो भएको थियो । उनलाई तत्काल **OCMC** मा उपचारका लागि लगियो र सुरक्षा आवासमा राखियो । यो अवस्थाले "मिलापत्र" हिंसाको समाधान होइन भन्ने पुष्टि गर्दछ । यसले हिंसा गर्ने व्यक्तिलाई थप प्रश्रय दिदै हिंसा बढाउन मदत गरिरहेको छ ।*

***संरचनागत कारणः संस्थागत मिलापत्रको बारम्बार असफलता र बढ्दो हिंसाको चक्र रोक्न प्रणालीगत हस्तक्षेपको अभाव ।***

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**निष्कर्ष:**

यी घटनाहरू प्रतिनिधिमूलक मात्र नभई समाजमा व्याप्त गम्भीर प्रवृत्तिको संकेत पनि हुन् । मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ अनुसार पहिलो विवाह कायम हुँदाहुँदै अर्को विवाह गर्नु बहुविवाहको अपराध हो, जसमा १ वर्षदेखि ५ वर्षसम्म कैद तथा १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ । तर व्यवहारमा भने कानुनी व्यवस्थालाई बेवास्ता गर्दै माया र प्रेमको भ्रम सिर्जना गरी महिलामाथि मानसिक, आर्थिक तथा भावनात्मक शोषण गर्ने घटनाहरू बढ्दो क्रममा रहेका छन्। यस्ता घटनामा महिलामाथि नै दोषारोपण गर्ने र बाहिरी सम्बन्धलाई सामान्यीकरण गर्ने प्रवृत्ति पनि देखिन्छ ।

सुदूरपश्चिम प्रदेश प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/०८२ मा बहुविवाह सम्बन्धी ७६ वटा र आर्थिक वर्ष २०८२/०८३ को फाल्गुण मसान्तसम्म ३३ वटा मुद्दा दर्ता भएका छन् । तर कानुनले दोस्रो विवाहलाई मान्यता नदिए पनि प्रमाणको अभावका कारण धेरै महिलाहरू औपचारिक रूपमा उजुरी दर्ता गर्न सकिरहेका छन् । यसले वास्तविक घटनाको संख्या अझै बढी हुन सक्ने संकेत गर्दछ ।

जनवरीदेखि मार्च २०२६ सम्म सुदूरपश्चिममा मात्रै कुल लैङ्गिक हिंसाका घटनामध्ये १३.२ प्रतिशत बहुविवाह सम्बन्धी हुनु महिला र बालिकामाथि हुने हिंसाको अवस्था गम्भीर रहेको स्पष्ट प्रमाण हो । यसले यस्तो हिंसालाई व्यक्तिगत घटना मात्र नभई संरचनागत तथा सामाजिक समस्याका रूपमा हेर्नुपर्ने आवश्यकता देखाउँछ ।

यस परिस्थितिमा विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन, द्रुत र संवेदनशील अनुसन्धान, पीडितमैत्री उजुरी तथा न्याय प्रणालीको विकास, गोपनीयताको संरक्षण र मनोसामाजिक सहयोग सेवाको सुदृढीकरण अत्यावश्यक छ । महिला र बालिकामाथि हुने हिंसा न्यूनीकरण गर्न राज्यले नेतृत्वदायी भूमिका निर्वाह गर्नु अपरिहार्य छ ।

सपना थापा
प्रदेश संयोजक , ओरेक सुदूरपश्चिम